# लालझाडी राजपत्र


## लालझाडी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ८ संख्या ५ मिति २०८१ असार १६ गते**


## भाग १

## लालझाडी गाउँपालिकाको सूचना

यस लालझाडी गाउँपालिकाको **राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७७** बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

संवत् २०८१ को ऐन नं ५

### <u>केहि स्थानीय ऐन संशोधन गर्न बनेको ऐन, २०८१</u>

**<u>प्रस्तावनाः</u>** लालझाडी गाउँपालिकाबाट यस अघि बनेका केहि स्थानीय ऐनलाई समयानुकुल संशोधन गर्न वाञ्छनीय भएकाले

लालझाडी गाउँपालिका गाउँ सभाको १६ औ अधिवेशनबाट यो केहि स्थानी ऐन संशोधन गर्न बनेको बिधेयक तयार गरिएको छ।

१. **<u>प्रशासकीय कार्यबिधि नियमित गर्ने ऐन २०७५ मा गरिएको संशोधन</u>**

   १. **प्रस्तावनामा संशोधन गरि देहायको व्यवस्था राखिएकोः**

   स्थानीय सरकारको प्रशासकीय कार्यविधि नियमित गर्न, नीति तथा कार्यक्रम, बजेट र बार्षिक कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने नियमावली, कार्यबिधि, निर्देशिका जस्ता कानुनी लिखत तयार गर्न वाञ्छनीय भएकोले,

   २. दफा २ को खण्ड (ङ) मा नेपालको संविधानको पछाडी राखिएको २०७२ हटाईएको।

२. **<u>आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने ऐन, २०७५ मा गरिएको संशोधन</u>**

   १.**<u>दफा २ मा</u>** साविकको खण्ड ख, ग, घ, थ, र, ल हटाइएको।

३. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५

१. दफा २१ क मा देहायको बेहोरा थप गरिएकोः

२१.क. बिपद स्वयमसेवी दस्ता निर्माण तथा परिचालनः (१) गाउँपालिकाले बिपद् सम्बन्धी जनचेतना अभिबृद्धि, उद्धार तथा राहतका कार्यलाई प्रभावकारी बनाउन बिपद् स्वयमसेवी दस्ता निर्माण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्मित बिपद् स्वयम्सेवी दस्तालाई गाउँपालिकाले आवश्यक तालिम तथा समाग्री उपलब्ध गराउनेछ ।

(३) बिपद् स्वयम्सेवी दस्ता निर्माण तथा परिचालन सम्बन्धी अन्य कार्यबिधि तोकिएबमोजिम हुनेछ ।

४. **स्थानीय स्वास्थ्य तथा सरसफाइ ऐन २०७७ मा गरिएको संशोधन**

**१. दफा ९(३) मा** “प्रदान गर्न सक्ने गरी आशय **पत्र प्रदान गर्न**” भन्ने शब्दावलीको ठाउँमा “**का लागि**” भन्ने शब्दावली राखिएको ।

२. **दफा ९ को उपदफा** (५) (६) (७) हटाइएको।

३. **दफा १९ को उपदफा (१) मा संशोधन गरी देहायको बहोरा राखिएकोः** सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी संघीय सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

४. दफा ३६ को शीर्षक नभएकोले **प्रगति विवरण बुझाउनु पर्ने** शीर्षक थप गरिएको ।

**५. लालझाडी गाउँपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७६**

१. दफा ७ को खण्ड (ख) हटाइएको।

२. दफा ८ (३) (झ)१ मा (झ)१. सम्पत्ति रोक्का/फुकुवा वा अन्तरिम संरणात्मक आदेश माग गर्नु पर्ने भएकोमा सोको बेहोरा भन्ने राखिएको ।

३. दफा ४९ मा उल्लिखित उजुरी शाखा/ फाँट तथा अभिलेख शाखा/फाँटलाई संशोधन गरी **न्याय प्रशासन शाखा** भन्ने शब्दावली राखिएको।

४. दफा **५४**(४) मा देहायको बेहोरा थप गरिएकोः

*(४)क. माथि जुनसुकै कुरा लेखिएको भएता पनि सम्बन्धित वडामा बसोबास गर्ने बिवादका पक्षहरुको पायक पर्ने मेलमिलाप केन्द्रमा स्थानीय*

*ऐनको दफा ४७ को उपदफा (१) र (२) बमोजिमका बिवादहरु अनुसूची १२ को ढाँचा दर्ता गर्न सक्नेछन् ।*

*(४)ख. उपदफा (५) बमोजिम दर्ता भएको निवेदन मेलमिलाप केन्द्रले आफू समक्ष दर्ता भएको तीन दिन भित्र न्यायिक समितिको मुल विवाद दर्ता कितावमा दर्ता गरी मेलमिलाप सत्र संचालनका लागि अनुमति लिनु पर्नेछ ।*

*(४)ग. उपदफा (५) बमोजिम दर्ता भएका बिवादहरुको समाधान स्थानीय मेलमिलाप केन्द्रले तोकिएको मेलमिलाप प्रकृया अपनाई बिवादका पक्षहरु बिच सहमति गराउनु पर्नेछ । स्थानीय ऐनको दफा ४७ को उपदफा (१) अन्तरगतका बिवादमा मेलापत्र हुन नसकेमा न्यायिक निरुपणका लागि न्यायिक समितिमा पठाउनु पर्नेछ ।*

५. <u>**दफा ५५(२) मा संशोधन गरी देहायको व्यवस्था राखिएको:**</u> (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय ऐनको दफा ४७ को उपदफा (२) बमोजिमको उजुरीमा मेलमिलाप वा

मिलापत्र हुन नसकेमा समितिले अधिकार क्षेत्र रहेको अदालतमा जाने भनि अनुसूची १२ बमोजिम आदेश गरी दिनुपर्नेछ।

६. साविकका सबै अनुसुचीहरु संशोधन गरिएको।

## ६. सहकारी ऐन २०७५ मा गरिएको संशोधन

१. <u>**प्रस्तावनामा**</u> नेपालको संविधानको धारा २२६ बमोजिम भन्ने शब्दावली थप गरिएको।

२. दफा ६ (३) मा, तर, यस्ता सहकारीहरुले दफा ६.क. बमोजिम गाउँपालिकामा सूचिकरण गर्नु पर्नेछ भन्ने व्यवस्था थप गरिएको।

**३. <u>दफा ६ क मा देहायको बेहोरा थप गरिएकोः</u>**

६ क. सुचिकरण र नविकरण गर्नु पर्नेः (१) यस गाउँपालिका क्षेत्र भित्र कार्य क्षेत्र भई यो ऐन लागु हुनु पूर्व दर्ता भएका सहकारीहरुले तोकिए बमोजिम गाउँपालिकामा सुचिकृत हुनु पर्नेछ ।

(२) यस ऐन बमोजिम दर्ता तथा सुचिकरण भएका सहकारी संस्थाहरुले तोकिए बमोजिम बार्षिक रुपमा नविकरण गर्नु पर्नेछ ।

४. <u>**दफाः ११ को (ङ):**</u> **बचत तथा ऋण सहकारी:** बचत तथा ऋणको मुख्य कारोबारो गर्ने संस्था, थप गरिएको।

५. दफा ८० बाट कैद जरिवाना सम्बन्धी सबै व्यवस्था हटाएको।

६. दफा ८५ मुद्दा सम्बन्धी व्यवस्था हटाएको।

७. दफा ९८ मा सहकारी संघ र प्रवर्द्धन समितिको व्यवस्था थप गरि देहायको व्यवस्था राखिएकोः

**९८ क. <u>गाउँपालिका सहकारी संघको गठनः</u>** (१) सहकारी व्यवसायको विकास, प्रवर्द्धन र बजारीकरणका ललायतका कार्य गर्न यस ऐन बमोजिम दर्ता वा सुचिकृत भई कार्यरत भएका कम्तीमा १५ वटा संस्थाहरुले आपसमा मिलि आफ्नो सहकारी संघ गठन गर्न सक्नेछन् ।

(२) गाउँपालिका सहकारी संघको काम कर्तव्य, अधिकार र संचालन तथा व्यवस्थापन कार्यीबिधि तोकिए बमोजिम हुनेछ ।

**९८. ख. <u>गाउँपालिका सहकारी प्रवद्धन वोर्ड गठनः</u>** (१) गाउँपालिकाले गाउँपालिका भित्रका सहकारीहरुको संस्थागत सुशासन तथा विकास अवस्था, सहकारी खेती तथा

व्यवसायमुलक एवं रोजगारमुलक योजनाको सम्भाव्यता अध्ययन सहित समग्र विकासका लागि योजना निर्माण, उत्कृष्ठ सहकारीहरुलाई प्रोत्साहन लगायत कार्यमा सुझाव, परामर्श, सहजीकरण, अनुगमन, सहयोग लगायतका विषयमा रेखदेख गर्न गाउँपालिकाले गाउँपालिका सहकारी प्रवर्द्धन वोर्ड गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वोर्डको गठन तथा काम कर्तव्य र अधिकार नियमावलीमा तोके बमोजिम हुनेछ ।

**आज्ञाले**
राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत

लालझाडी गाउँपालिका